आर्थिक बर्ष : २०७९/८०

बैठक संख्या : १८

आज मिति २०८०/०३/२५ गतेका दिन विरुवा गाउँपालिका गाँउकार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थितिः**

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री ङन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्गा देवी थापा सदस्य
श्री इन्दिरा पोखेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री चन्द्रकान्त भण्डारी सदस्य सचिव प्र.प्र.अ.
श्री पिताम्बर पोखेल प्रशासन शाखा प्रमुख
श्री दिपक ढुंगाना योजना शाखा प्रमुख
श्री शंकर थापामगर आ.प्र. " "

**निर्णय नं. १** मिति २०८०/०३/२५

विरुवा गाउँपालिकाको को आर्थिक सर्वेक्षण २०८० स्वीकृत गरी तेहौं गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

विरुवा गाउँपालिकाको आ.ब. २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गरी तेहौं गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

विरुवा गाउँपालिकाको आर्थिक विधेयक, २०८० स्वीकृत गरी तेहौं गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

विरुवा गाउँपालिकाको विनियोजन विधेयक, २०८० स्वीकृत गरी तेहौं गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

विरुवा गाउँपालिकाको आ.ब. २०८०/८१ को बजेट, योजना तथा कार्यक्रम पारितको लागि तेहौं गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

विरुवा गाउँपालिका कार्यालयद्धारा चालु आ.व. २०७९/८० मा बोलपत्र आव्हान गरी निर्माण कार्य अगाडी बढाईएका तर विविध कारणबश समयमै निर्माण कार्य सम्पन्न हुन नसकेका तपसिल योजनाहरुको निर्माण समयावधी (म्याद) २०८० असोज मसान्त सम्मका लागि थप गर्ने निर्णय सर्वसहमतीले गरियो।

तपसिल :

१. रहखोला मिलनचोक दम्सिदी बगरीबोट सडक (UPGRADING OF RAHAKHOLA MILANCHOWK DAMSIDI BAGARIBOT ROAD (Contract ID No. NCB/BRM/WORKS/002/2079-80))

२. भञ्याङ्ग बाहु विरुवा सडक (UPGRADING BHANJYANG BAHU BIRUWA ROAD (Contract ID No. NCB/BRM/WORKS/001/2079-80))

३. राङ्गखोला विरुवा सडक ( MAINTENANCE WORK OF RANGKHOLA DHOWADI BIRUWA ROAD , DH:5+000-17+00(NCB/BRM/WORKS/009/2079-80))

CamScanner

४. ज्यागदी अस्पताल (CONSTRUCTION OF 2 UNITS DOCTOR'S QUARTER BUILDING AT BIRUWA HOSPITAL, NCB/BRM/WORKS/008/2079-80)

**निर्णय नं. ७**

विरुवा गाउँपालिका कार्यालयमा चमेना गृह संचालनका लागि सार्बजनिक सूचना आव्हान गर्ने निर्णय सर्वसहमतीले गरियो।

**निर्णय नं. ८**

विरुवा गाउँपालिका वडा नं. ४ स्थित श्री जनप्रिय पिपलभन्ज्याङ्ग आ.वि. मा मगर भाषामा कक्षा संचालन गर्नका लागि नियुक्ति गरिएका मगर भाषा शिक्षकको आ.व. २०७९/८० को बजेट तथा कार्यक्रममा समावेश पुर्वप्राथमिक कक्षा सहजकर्ता तथा कर्मचारी पारिश्रमिक खर्च शिर्षकबाट गरिएको एकमुष्ठ तलब भुक्तानी रु २,०५,०००/- सर्वसहमती अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

यस विरुवा गाउँपालिका अन्तर्गत कार्यरत एकगाउँ एक पशु प्राविधिक एम.आई.एस अपरेटर र फिल्ड सहायकको नियमानुसारको गाउँपालिकाले साझेदारी गर्नु पर्ने तलब रकम गाउँपालिका स्तरीय चालु तर्फको अन्य सेवा शुल्क रकम शीर्षकबाट साझेदारी गर्ने गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

विरुवा गाउँपालिका कार्यालय र अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन गर्ने उदेश्यले उत्कृष्ट कर्मचारी सम्मान गर्ने गाउँपालिकाको नीति अनुरुप उत्कृष्ट कर्मचारी छनौट गरी सम्मान गर्ने सर्वसहमतिले निर्णय गरियो ।साथै उत्कृष्ट कर्मचारी छनौट गर्नका लागि गाउँपालिका अध्यक्षको नेतृत्वमा गाउँपालिका उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत सदस्य रहने गरी छनौट समिति गठन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

CamScanner